आर्थिक वर्ष २०६९/०७०

# प्रथम वार्षिक प्रतिवेदन

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

नेपाल राष्ट्र बैंकबाट "ख" वर्ग (३ जिल्ला स्तर) को इजाजत पत्र प्राप्त वित्तीय संस्था

केन्द्रीय कार्यालय: हरिशंकर रोड, बा.न.पा-२, बागलुङ फोन नं: ०६८५२२८६५, ०६८५२२८६६ फ्याक्स: ०६८५२२८६७
E-mail: info@greenbank.com.np, Website: www.greenbank.com.np

# संचालक समिति



गणेश कुमार श्रेष्ठ
अध्यक्ष



कृष्ण शंकर श्रेष्ठ
संचालक



नरेन्द्र रमण त्रिपाठी
संचालक



शिव प्रसाद तिमिल्सीना
संचालक



मनोविज्ञान श्रेष्ठ
संचालक

**कम्पनी सचिव**
प्रकाश कुमार श्रेष्ठ

**लेखापरीक्षक**
सिए. निल बहादुर सारु मगर
एन.बि.एस.एम. एण्ड एशोशियट्स
चार्टर्ड एकाउण्टेण्ट्स

# प्रोक्सी फाराम

श्री सञ्चालक समिति,
ग्रीन डेभलपमेन्ट बैंक लि.
हरिशंकर रोड, बागलुङ ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

............................ जिल्ला ............................................... न.पा./गा.वि.स. वडा नं. .......... बस्ने म/हामी ....................................................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले .................. साल ............... महिना .........गते ................का दिन हुने प्रथम वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नको लागि .......................... जिल्ला .............................. न.पा./गा.वि.स. वडा नं. ........ बस्ने त्यस कम्पनीका शेयरवाला श्री ................................................... शेयर प्रमाणपत्र नं. ........... शेयरधनी नं. ................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएका छु/छौं ।

<u>निवेदक</u>

दस्तखत :

नाम :

ठेगाना :

शेयरधनी नं. :

शेयर प्रमाणपत्र नं. :

कि.नं. ............... देखि .................

मिति :

द्रष्टव्य : यो निवेदन साधारणसभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको रजिष्टर्ड कार्यालयमा पेश गरी सक्नुपर्नेछ ।

---

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

# प्रवेश–पत्र

शेयरधनीको नाम :.................................................. शेयरधनी नं.:................ शेयर प्रमाणपत्र नं. .....................

शेयर संख्या : ...................... शेयरधनीको दस्तखत : ...............................

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको मिति .......... साल ...... महिना ....गते ..........का दिन हुने प्रथम वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश–पत्र ।

कम्पनी सचिव

**द्रष्टव्य :**

१) शेयरधनी आफैले खाली कोष्ठहरु भर्नुहोला ।

२) सभाकक्षमा प्रवेश गर्न यो प्रवेशपत्र प्रस्तुत गर्नु अनिवार्य छ ।

# विषय सूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | प्रथम वार्षिक साधारण सभा बारे सूचना | १ |
| २. | साधारण सभा सम्बन्धी अन्य जानकारी | २ |
| ३. | अध्यक्षको मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदन | ३–९ |
| ४. | आ. व. २०६९/७० को लेखापरीक्षकको प्रतिवेदन | १० |
| ५. | वासलात | ११ |
| ६. | नगद प्रवाह विवरण | १२ |
| ७. | इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण | १३ |
| ८. | अनुसूचीहरु | १४–२२ |
| ९. | प्रमुख लेखा नीतिहरु | २३–२५ |
| १०. | लेखासम्बन्धी टिप्पणीहरु | २६ |
| ११. | नेपाल राष्ट्र बैंकको वित्तीय विवरण प्रकाशन गर्ने स्वीकृत पत्र | २७ |

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

# ग्रीन डेभलपमेन्ट बैंक लि.
## को
## प्रथम वार्षिक साधारण सभाको सूचना

यस डेभलपमेन्ट बैंकको मिति २०७० फागुन १७ गते बसेको सञ्चालक समितिको ३९ औं बैठकको निर्णय अनुसार यस डेभलपमेन्ट बैंकको प्रथम वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय :**

**मिति** : २०७० चैत्र २९ गते तदनुसार २०१४ अप्रिल १२, शनिबार

**स्थान** : होटेल पिस प्यालेस, हरिशंकर रोड, लोकतान्त्रिक चोक, बागलुङ

**समय** : दिनको ११.०० बजे

**साधारण सभाको विषयसूची :**

१. अध्यक्षको मन्तव्य तथा सञ्चालक समितिको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७० आषाढ मसान्तको वासलात तथा सोही अवधिसम्मको नगद प्रवाह विवरण लगायतका आर्थिक विवरणहरु र अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

३. पूर्वसञ्चालन खर्च अनुमोदन गर्ने ।

४. आ.व. २०७०/७१ को लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्री निल बहादुर सारु मगर, एन.वि.एस.एम. एण्ड एसोसियट्स, चार्टड एकाउण्टेण्ट्स पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)

५. सञ्चालक नियुक्त गरेको अनुमोदन गर्ने ।

६. संस्थापक समूहबाट सञ्चालकहरुको निर्वाचन गर्ने ।

७. विविध ।

**सञ्चालक समितिको आज्ञाले,**
**प्रकाश कुमार श्रेष्ठ**
**कम्पनी सचिव**

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

## साधारण सभा सम्बन्धी अन्य जानकारीः

१. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेश पत्रका साथै शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ । संस्थाको वार्षिक साधारण सभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, आर्थिक विवरण, लगायत कागजातहरु सम्पूर्ण शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइनेछ । कारणवस कसैलाई उक्त प्रतिवेदनहरु प्राप्त हुन नसकेमा यस संस्थाको हरिशंकर रोड, लोकतान्त्रिक चोक, बागलुङ स्थित कार्यालयबाट शेयरधनीको प्रमाण प्रस्तुत गरी प्राप्त गर्न सक्नु हुनेछ ।

२. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घन्टा अगावै संस्थाको कार्यालय, हरिशंकर रोड, लोकतान्त्रिक चोक, बागलुङमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत संस्थाको शेयरधनी हुन आवश्यक छ ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नु भएमा प्रोक्सी दिई सकेको भए तापनि स्वतः बदर हुने छ । प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भनी छुट्टै पत्र समेत लेखि पठाउनु भएको रहेछ भने अरु सबै प्रतिनिधि पत्र (प्रोक्सी) बदर भई सोही पत्र साथ आएको प्रतिनिधि पत्र (प्रोक्सी) मात्र मान्य हुनेछ । सोको लिखित सूचना सोही अवधिभित्र संस्थाको केन्द्रीय कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । सो नगरी एक शेयरधनीले एक भन्दा बढी प्रोक्सी नियुक्त गरी त्यस्ता प्रतिनिधि पत्र (प्रोक्सी) समयमै संस्थामा प्राप्त भए तापनि सबै बदर हुनेछ ।

४. शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शीर्षक अन्तर्गत संस्था सम्बन्धी केही जिज्ञासा भए इच्छुक शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा ७ दिन अगावै सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

५. शेयरधनी महानुभावहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले वा सञ्चालक समितिबाट आदेश पाएका व्यक्तिले उत्तर दिनेछन् ।

६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका बिहान ११ बजेदेखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

७. सञ्चालकहरुको निर्वाचन सम्बन्धी कार्यतालिका संस्थाको कार्यालय हरिशंकर रोड, लोकतान्त्रिक चोक, बागलुङमा छुट्टै प्रकाशित गरिने छ ।

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

# ग्रीन डेभलपमेन्ट बैंक लि.को प्रथम वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट समितिका अध्यक्ष श्री गणेश कुमार श्रेष्ठज्यू ले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०६९।७० को कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसारको सञ्चालक समितिको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

आज यस **ग्रीन डेभलपमेन्ट बैंक लि.**को सम्पन्न हुन गईरहेको प्रथम वार्षिक साधारण सभामा डेभलपमेन्ट बैंकको सञ्चालक समितिको तर्फबाट उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत एवम् अभिवादन गर्दछु ।

कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०६९।७।२६ गते विधिवत दर्ता प्रमाणपत्र पाई नेपाल राष्ट्र बैंकबाट मिति २०७०।०४।०९ गते र कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७०।०४।२८ गते कारोवार गर्न अनुमति पाए बमोजिम यस डेभलपमेन्ट बैंकले हरिशंकर रोड, बागलुङ स्थित केन्द्रीय कार्यालयबाट २०७० साल भाद्र ०९ गते विधिवत उद्घाटन गरी आफ्नो कारोबार शुभारम्भ गरेको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

आज यस डेभलपमेन्ट बैंकको प्रथम साधारणसभामा यस संस्थाको स्थापनाका केही तथ्यहरुलाई स्मरण गर्नु प्रासङ्गिग नै ठान्दछु । यस डेभलपमेन्ट बैंक स्थापनाको लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गर्नको लागि वि.सं. २०६६ सालमा आवेदन गरेका थियौं तर विभिन्न कारणहरुले गर्दा नेपाल राष्ट्र बैंकबाट यस डेभलपमेन्ट बैंक कानूनी रुपमा दर्ता गर्नको लागि वि.सं. २०६९ सालमा मात्र सिफारिस भई कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको व्यहोरा म यहाँ स्मरण गर्न चाहन्छु । यस डेभलपमेन्ट बैंक स्थापनाको समय क्रम लम्बिन गएका कारणले सुरुमा सहमती गर्नु हुने केही साथीहरुबाट निरन्तरता नभएकोले हाल हामी ५७ जना संस्थापक शेयरधनीहरु मात्र आजसम्म आवद्ध भएका छौं ।

यस डेभलपमेन्ट बैंक स्थापनाको समय लम्बिन गए तापनि धैर्यताका साथ विभिन्न आरोह र अवरोहमा निरन्तर समर्थन दिनुहुने सम्पूर्ण संस्थापक शेयरधनीहरुलाई म हार्दिक आभारका साथ धन्यवाद दिन चाहन्छु । साथै यस डेभलपमेन्ट बैंक स्थापना गर्न निरन्तर रुपमा लागि पर्ने श्री निराजन भारी र श्री सुवर्ण हुमागाई तथा यस बैंकको करपोरेट नारा तयार गर्न सहयोग गर्नु हुने सुश्री नेहा श्रेष्ठलाई पनि विशेष धन्यवाद दिन चाहन्छु । यस डेभलपमेन्ट बैंक स्थापना गर्न आवश्यक सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरु तथा संघ संस्थाहरुलाईसमेत म आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु । मूलतः हामीमाथि विश्वास गरी यस डेभलपमेन्ट बैंकलाई वित्तीय कारोवार गर्न स्वीकृती प्रदान गरेकोमा नेपाल राष्ट्र बैंक र नेपाल राष्ट्र बैंकका पदाधिकारीहरुलाई म विशेष रुपले धन्यवाद दिन चाहन्छु ।

**शेयरधनी महानुभावहरु,**

अब म कम्पनी ऐन, २०६३ को दफा १०९ ले व्यवस्था गरे अनुरुपको सञ्चालक समितिको प्रतिवेदन याहाँहरुसमक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**क) विगत वर्षको कारोवारको सिंहावलोकन**

आ.व. २०६९।२०७० मा यस डेभलपमेन्ट बैंकको कारोवार सुरु नभएको र डेभलपमेन्ट बैंक स्थापना गर्ने क्रममा प्रारम्भिक खर्चहरु भएका छन् । आ.व. २०६९।२०७० मा डेभलपमेन्ट बैंकको सम्पत्ति तथा दायित्व र पूर्व सञ्चालन खर्च र सो अवधिको व्याज आम्दानीका विवरणहरु देहाय बमोजिम रहेको छ ।

**सम्पत्ति तथा दायित्वको स्थितिः**

| **पूँजी तथा दायित्व** | **रु.** |
|---|---|
| शेयरको पूँजी | ५,५०,००,०००.०० |
| अन्य दायित्वहरु | १३,३७,३९५.४६ |
| **जम्मा दायित्व** | **५,६३,३७,३९५.४६** |
| **सम्पत्ति** | **रु.** |
| नगद | ४३९.०२ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | २,३८,०१,०३४.५० |
| वाणिज्य बैंकमा रहेको मौज्दात | २,५१,३२,६८३.३४ |
| स्थिर सम्पत्ति | १५,८९,२८४.०२ |
| अन्य सम्पत्ति | ५८,१३,९५४.५८ |
| **जम्मा सम्पत्ति** | **५,६३,३७,३९५.४६** |

**पूर्व सञ्चालन खर्चको विवरणः**

| **क्र.सं** | **विवरण** | **रु.** |
|---|---|---|
| १ | तलब | ५,७३,०००.०० |
| २ | भत्ता | ३,५१,७००.०० |
| ३ | सञ्चयकोषमा थप | ४०,८००.०० |
| ४ | तालिम खर्च | २,०००.०० |
| ५ | घरभाडा | ३,२०,०००.०० |
| ६ | बत्ती, बिजुली र पानी | १७,१५९.६६ |
| ७ | वीमा | ४,७९९.१६ |
| ८ | पोष्टेज, टेलेक्स, टेलिफोन, फ्याक्स, ईमेल | २३,०५८.०० |
| ९ | भ्रमण भत्ता र खर्च | २९,३६३.०० |
| १० | मसलन्द र छपाई | २९,८८५.०० |
| ११ | पत्रपत्रिका तथा पुस्तक | १,५८८.१२ |
| १२ | विज्ञापन | २७,५७४.०० |
| १३ | कानुनी खर्च | १,६१,४२९.०० |
| १४ | लेखापरीक्षण शुल्क | ४५,२००.०० |
| १५ | प्राविधिक सेवा सोधभर्ना | १,६३,२५०.०० |
| १६ | मनोरञ्जन खर्च | १८,५२४.०० |
| १७ | अन्य | ९३,७९७.२१ |
| | जम्मा पूर्व सञ्चालन खर्च (क) | १९,०३,१२७.१५ |
| | पूर्व सञ्चालन अवधिको आम्दानी (ख) | १३,०७,५१९.८४ |
| | अपलेखन हुन बाँकी पूर्व सञ्चालन खर्च | ५,९५,६०७.३१ |

**ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई कुनै असर परेको भए सो असर।**

आ.व. २०६९।२०७० मा राष्ट्रिय राजनैतिक अस्थिरता, पूर्ण बजेटको अभाव, गतिहिन विकासको अवस्था, लगानी मैत्री वातावरणको अभाव व्याप्त रहेकोमा अन्तर्राष्ट्रिय रुपमा डलरको विनिमय दरमा आएको उतार चढाउ, वैदेशिक व्यापार असन्तुलन आदि कारणहरुले गर्दा समग्र वित्तीय क्षेत्र आक्रान्त रहेको थियो भने सो अवधिमा यस डेभलपमेन्ट बैंक स्थापनाको क्रममा रहेको र कारोवार सुरु नभएको हुनाले कुनै असर देखिएको छैन।

ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा ।

आर्थिक वर्ष २०७०।२०७१ को पौष मसान्तसम्मको डेभलपमेन्ट बैंकको कारोवारको स्थिति निम्नानुसार रहेको छ ।

**सम्पत्ति तथा**

| **दायित्व** | **२०६९।७०** | **२०७० पौष मसान्त** |
|---|---|---|
| शेयर पूँजी | ५,५०,००,००० | ५,५०,००,००० |
| जगेडा तथा कोषहरु | | (३६,७५,०५७) |
| **शेयरधनी कोष** | **५,५०,००,०००** | **५,१३,२४,९४३** |
| निक्षेप हिसाब | | ४,४१,२२,७४१ |
| अन्य दायित्वहरु | १३,३७,३९५ | २३,९२,८८६ |
| **जम्मा दायित्व** | **५,६३,३७,३९५** | **९,७८,४०,५७०** |
| **सम्पत्ति** | | |
| नगद तथा बैंक मौज्दात | ४,८९,३४,१५७ | ६,३६,४५,६२० |
| **कूल तरल सम्पत्ति** | **४,८९,३४,१५७** | **६,३६,४५,६२०** |
| कर्जा, सापट तथा विल खरीद | | २,४६,४७,६३६ |
| स्थिर सम्पत्ति | १५,८९,२८४ | ६४,५४,२५५ |
| अन्य सम्पत्ति | ५८,१३,९५४ | ३०,९३,०५९ |
| **जम्मा सम्पत्ति** | **५,६३,३७,३९५** | **९,७८,४०,५७०** |

**तुलनात्मक नाफा नोक्सानको स्थिति**

| **विवरण** | **२०६९।७०** | **२०७० पौष मसान्त** |
|---|---|---|
| ब्याज आम्दानी | १३,०७,५२० | १२,२९,८४९ |
| ब्याज खर्च | | १०,५४,६४६ |
| **खूद ब्याज आम्दानी** | **१३,०७,५२०** | **१,७५,२०३** |
| कमिशन तथा डिष्काउण्ट | | १,९२६ |
| अन्य आम्दानी | | ३,८५,७३५ |
| **कूल आम्दानी** | **१३,०७,५२०** | **५,६२,८६४** |
| **सञ्चालन खर्चहरु** | (पु.सं.खर्च) | |
| कर्मचारी खर्च | ९,६७,५०० | २३,६१,२८४ |
| कार्यालय सञ्चालन खर्च | ९,३५,६२७ | १६,३०,१६१ |
| **कूल सञ्चालन खर्च** | **१९,०३,१२७** | **३९,९१,४४५** |
| **सञ्चालन नाफा** | **(५,९५,६०७)** | **(३४,२८,५८१)** |
| गैर सञ्चालन खर्चहरु | | |
| कर्जा जोखिम व्यवस्था | | २,४६,४७६ |
| **कूल गैर सञ्चालन खर्च** | | |
| **खूद नाफा/ (नोक्सान)** | **(५,९५,६०७)*** | **(३६,७५,०५७)** |

***अपलेखन हुन बाँकी सञ्चालन खर्च**

**भविष्यमा गर्नुपर्ने कार्यको सम्बन्धमा सञ्चालक समितिको धारणा।**

समृद्धिको लागि सहकार्यको मूल नारा लिई वित्तीय कारोवार शुभारम्भ गर्दा नै यस क्षेत्रको समष्टिगत वित्तीय आवश्यकतालाई नतिजामूलक कृयाकलापद्धारा परिपूर्ती हेतु उपलब्ध साधनको उच्चतम प्रयोगको सिद्धान्तलाई आत्मसात् गरी यस डेभलपमेन्ट बैंकलाई यस क्षेत्रमा स्थापित गर्नुपर्नेमा कुनै दुई मत नरहेको सञ्चालक समितिको धारणा रहेको छ।

शुरुवातमा यस डेभलपमेन्ट बैंकको कारोवार बागलुङबाट प्रारम्भ भए तापनि नेपाल राष्ट्र बैंकबाट म्याग्दी तथा कास्की जिल्लामा समेत कारोवार गर्न पाउने अनुमती भए अनुसार क्रमिक रुपमा उपरोक्त स्थानहरुमा शाखाहरुको विस्तार गरी आफ्नो कारोवारको दायरालाई बढाउँदै लानुपर्ने देखिएको छ। यस डेभलपमेन्ट बैंकबाट प्रदान गरिने समग्र सेवाहरुलाई ग्राहक मुखि तथा बजार अनुकूल बनाई थप सेवा तथा सुबिधाहरुको बिस्तार गर्नु पर्ने सञ्चालक समितिको धारणा रहेको छ।

डेभलपमेन्ट बैंकको समग्र संयन्त्रलाई समयानुकूल गर्दै लाने सन्दर्भमा डेभलपमेन्ट बैंकमा कार्यरत कर्मचारीहरुको दक्षता, सीप र लगनशीलता साथै व्यवसायिक व्यवहारको ठूलो भूमिका हुने हुनाले सो को लागि मानव संशाधन विभाग गठन गरी कर्मचारीहरुमा समयानुकूल सीप, दक्षता तथा व्यवसायिकता अभिवृद्धि गर्दै लानुपर्ने सञ्चालक समितिको धारणा रहेको छ।

डेभलपमेन्ट बैंकको कारोवारको वृद्धि संगसंगै संस्थागत शुसासन, आन्तरिक नियन्त्रण, विभिन्न जोखिम व्यवस्थालाई प्रभावकारी बनाउन आवश्यकता अनुसार दक्ष विशेषज्ञहरुको सेवा लिई विभिन्न नीति तथा प्रकृयागत कार्यविधिहरु निर्माण गरी कार्यान्वयन गर्दै लानु पर्नेमा सञ्चालक समिति स्पष्ट रहेको छ।

भविष्यमा आफ्नो कारोबारको दायरा तथा क्षेत्रलाई फराकिलो पार्दै लग्नु पर्ने, ग्राहकहरुलाई चुस्त तथा छिटो सेवा प्रदान गर्न कर्मचारीहरुलाई अभिप्रेरित गर्दै आवश्यकतानुसार तालिम प्रदान गर्दै लग्नुपर्ने, प्रतिस्पर्धी वातावरणमा समयानुकूल प्रविधिहरु अपनाई नयाँ नयाँ प्रतिस्पर्धी सेवा तथा सुविधाहरुको विकास गर्दै लग्नुपर्ने तथा ग्राहक सेवामूखी नीतिहरुको निर्माण गरी लागु गर्दै लग्नुपर्ने कुरामा सञ्चालक समिति स्पष्ट रहेको छ।

**घ) कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध।**

आ.व. २०६९।२०७० मा यस डेभलपमेन्ट बैंक स्थापनाको क्रममा रहेको र कारोवार सुरु नभएको हुनाले स्थापना सम्बन्धी कार्यलाई नै विशेष ध्यान दिइएको थियो।

हाल यस डेभलपमेन्ट बैंकको कारोवार सुचारु रुपले सञ्चालन भइरहेको सन्दर्भमा यस डेभलपमेन्ट बैंकका ग्राहकहरु, नेपाल राष्ट्र बैंक लगायत अन्य सम्वद्ध निकायहरु तथा डेभलपमेन्ट बैंकका कर्मचारीहरु तथा शेयरधनीहरुसंग सुमधुर व्यवसायिक सम्बन्ध रही आएको छ।

**ङ) सञ्चालक समितिमा भएको हेरफेर र सो को कारण।**

आ.व. २०६९।२०७० मा सर्व साधारण शेयरधनीबाट प्रतिनिधित्व हुने सञ्चालक पदमा सर्व साधारण शेयरधनीबाट प्रतिनिधि चयन नभएसम्मको लागि श्री श्याम प्रसाद श्रेष्ठलाई नियुक्त गरिएकोमा निजले मिति २०६९।१२।६ मा राजिनामा दिनु भए पश्चात उक्त रिक्त रहेको सञ्चालक पदमा सर्व साधारण शेयरधनीबाट प्रतिनिधि चयन नभएसम्मको लागि श्री मनोविज्ञान श्रेष्ठलाई मिति २०७०।०२।२४ मा नियुक्त गरिएको छ।

**च) कारोवारलाई असर पार्ने मुख्य कुराहरु ।**

आ.व. २०६९।२०७० मा डेभलपमेन्ट बैंक स्थापनाको क्रममा रहेको र कारोवार सुरु नभएको हुनाले कारोवारमा तत्काल कुनै असर पार्ने कुराहरु नभएको भए तापनि हालको क्रममा देशमा रहेको असुरक्षाको कारणले लगानीको वातावरण राम्रो नहुनु, आर्थिक कृयाकलापमा गिरावट तथा मौजुदा कतिपय उद्योग धन्दाहरुको आशातित तवरले प्रगति नदेखिनु आदि कारणले उद्योगमा लगानीको राम्रा क्षेत्रहरु नहुनु, वित्तीय संस्थाहरुको बढ्दो उपस्थितिको कारणले उच्च रुपमा पुगेको प्रतिस्पर्धा, अत्यधिक तरलता कारणले कर्जा तथा सापटको अवसरहरुमा संकुचन आएको तथा डेभलपमेन्ट बैंकको पूँजीको आकारको कारणले कर्जा लगानीको सीमाको दायरा निश्चित रहेको हुनाले डेभलपमेन्ट बैंकको कारोबारलाई समेत असर पार्न सक्ने देखिन्छ ।

**छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया ।**

आ.व. २०६९।२०७० को लेखापरीक्षणमा प्रतिकृया जन्य कैफियत नभएको ।

**ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम ।**

आ.व. २०६९।२०७० मा लाभांश बाँडफाँडको लागि रकम सिफारीस गरिएको छैन ।

**झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनु भन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भए पछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सो को विवरण ।**

आ.व. २०६९।२०७० मा डेभलपमेन्ट बैंकले कुनै शेयर जफत गरेको छैन ।

**ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन ।**

आ.व. २०६९।२०७० मा डेभलपमेन्ट बैंकको कारोवार सुरु नभएको र यस डेभलपमेन्ट बैंकको सहायक कम्पनी नरहेकोले यस प्रकारको कारोवार रहेको छैन ।

**ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधीमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तन ।**

आ.व. २०६९।२०७० मा डेभलपमेन्ट बैंकको कारोवार सुरु नभएको र यस डेभलपमेन्ट बैंकको सहायक कम्पनी रहेको छैन । यस आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरुको विवरण यस प्रतिवेदनको बुँदा नं (ग) **प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि** अर्न्तगत समावेश गरिएको छ ।

**ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी ।**

आ.व.२०६९।२०७० मा डेभलपमेन्ट बैंकका आधारभूत शेयरधनीहरुले डेभलपमेन्ट बैंकलाई कुनै प्रकारको जानकारी गराएका छैनन् ।

**ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोवारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी ।**

आ.व. २०६९।२०७० आषाढ मसान्त सम्ममा यस डेभलपमेन्ट बैंकका हालका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण निम्नानुसार रहेको छ । तल उल्लेख गरे बाहेक कम्पनीको शेयर कारोवारमा यस डेभलपमेन्ट बैंकका सञ्चालक तथा पदाधिकारीहरु संलग्न रहेको जानकारी डेभलपमेन्ट बैंकलाई नभएको र कुनै प्रकारको जानकारी समेत प्राप्त भएको छैन ।

| क्र.सं. | सञ्चालकहरुको नाम | शेयर संख्या | रकम (रु.) |
|---|---|---|---|
| १. | श्री गणेश कुमार श्रेष्ठ | ४९,५०० | ४९,५०,००० |
| २. | श्री शिव प्रसाद तिमिल्सिना | २,००० | २,००,००० |
| ३. | श्री नरेन्द्र रमण त्रिपाठी | १,००० | १,००,००० |
| ४. | श्री कृष्ण शंकर श्रेष्ठ | ३७,५०० | ३७,५०,००० |
| ५. | श्री मनोविज्ञान श्रेष्ठ | ५,००० | ५,००,००० |

**ढ) विगत आर्थिक वर्षमा कम्पनीसंग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराईएको जानकारीको व्यहोरा ।**

सो सम्बन्धी कुनै जानकारी प्राप्त नभएको ।

**ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुका कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम ।**

आर्थिक वर्ष २०६९।२०७० को आषाढ मसान्तसम्ममा डेभलपमेन्ट बैंकले आफ्नो शेयर आफै खरिद गरेको छैन ।

**त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण ।**

आ.व. २०६९।२०७० मा डेभलपमेन्ट बैंकको कारोवार सुरु नभएको र डेभलपमेन्ट बैंक स्थापनाको क्रममा रहेको हुनाले आन्तरिक नियन्त्रण सम्बन्धी विशेष व्यवस्था नभए तापनि तत्काल केही गर्नु पर्दा सञ्चालक समितिको सर्व सम्मत निर्णय तथा अनुगमन गरिने व्यवस्था भएको ।

**थ) विगत आर्थिक वर्षको कूल व्यवस्थापन खर्चको विवरण ।**

आर्थिक वर्ष २०६९।२०७० मा यस डेभलपमेन्ट बैंकमा भएको पूर्व सञ्चालन खर्चको विवरण यस प्रतिवेदनको बुँदा नं. (**क**) **विगत वर्षको कारोवारको सिंहावलोकन** अन्तर्गत समावेश गरिएको छ ।

**द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण ।**

आ.व. २०६९।२०७० मा लेखापरीक्षण समिति गठन गरिएको छैन ।

**ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा।**

आ.व. २०६९।२०७० मा डेभलपमेन्ट बैंक स्थापनार्थ विभिन्न पार्टीहरुलाई अग्रीम भुक्तानी गएको बाहेक डेभलपमेन्ट बैंकलाई बुझाउन बाँकी अन्य कुनै रकम रहेको छैन।

**न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम।**

आ.व. २०६९।२०७० मा डेभलपमेन्ट बैंकका सञ्चालकहरुलाई कुनै पनि प्रकारको भत्ता तथा सुविधा प्रदान गरिएको छैन। कार्यकारी प्रमुख तथा अन्य पदाधिकारीहरुलाई आ.व. २०६९।२०७० मा तलब भत्ता वापत रु. ९,६५,५००.०० खर्च भएको छ।

**प) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम।**

शेयरधनीहरुले बुझिलिन बाँकी लाभांशको रकम रहेको छैन।

**फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण।**

आ.व. २०६९।७० मा खरिद भएको सम्पत्तिको विवरण :

| विवरण | रु. |
|---|---|
| कार्यालय सामान | २,२८,७४९.७९ |
| सेफ, फाईलिङ्ग क्याविनेट, कम्प्यूटर लगायत अन्य सम्पत्तिहरु | १३,२८,०३४.२३ |
| लीज होल्ड सम्पत्ति | ३२,५००.०० |

**ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोवारको विवरण।**

आ.व. २०६९।२०७० मा दफा १७५ बमोजिमको कुनै पनि कारोवार नभएको।

**भ) यस ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिबेदनमा खुलाउनुपर्ने अन्य कुनै कुरा।**

नभएको।

**म) अन्य आवश्यक कुराहरु।**

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार पूर्व सञ्चालन खर्च कूल चुक्ता पूँजीको १ प्रतिशत अर्थात रु. ५,५०,०००.०० हुनु पर्नेमा बैंकको कारोवार शुरु गर्न बैंक सञ्चालन अगावै आवश्यक कर्मचारीहरु भर्ना गर्नु पर्दा कर्मचारीहरुको तलव, भत्ता लगायत घर भाडा, विजुली पानी, लेखापरीक्षण, बीमा, टेलिफोन फ्याक्स लगायत अन्य कार्यहरुमा खर्च बढ्न गई आ.व. २०६९।२०७० सम्ममा पूर्व सञ्चालन खर्च रु. १९,०३,१२७.१५ भएको छ तर सोही अवधिमा व्याज वापत रु. १३,०७,५१९.८४ आम्दानी भएकोले आ.व. २०६९।२०७० सम्ममा खुद पूर्व सञ्चालन खर्च रु. ५,९५,६०७.३१ लेखाङ्कन गरिएको छ। यस डेभलपमेन्ट बैंकको कारोवार मिति २०७० भाद्र ९ गते मात्र प्रारम्भ भएकोले मिति २०७० भाद्र ८ गते सम्म पनि माथि उल्लेख भए बमोजिमका खर्चहरुको निरन्तरताले गर्दा कुल पूर्व सञ्चालन खर्च रु. २३,४०,२४६.६४ भएको र सो अङ्कको यकिन आ.व. २०७०।७१ को अन्तिम लेखापरीक्षण पश्चातमात्र हुने छ।

अन्तमा, शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक तथा कर्मचारीहरु लगायत डेभलपमेन्ट बैंकलाई सहयोग गर्नु हुने सम्पूर्ण महानुभाव तथा संघ संस्थाहरुलाई धन्यवाद ज्ञापन गर्दै सबै पक्षबाट हाल पाईरहेको सदभाव तथा समर्थन डेभलपमेन्ट बैंकले आउने दिनहरुमा समेत निरन्तर पाईरहेनछ भन्ने विश्वास लिएको छु।

**धन्यवाद।**

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

**NBSM**

**NBSM & Associates**
Chartered Accountants

5th Floor, 1838, Ramshah Path, Putalisadak Kathmandu, N
P. O. Box : 8357, Phone / Fax : 977-1-4433069
E-mail : info@nbsm.com.np, URL : www.nbsm.com.np

## ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड को

**शेयरधनी महानुभावहरुसमक्ष**

## लेखापरीक्षकको प्रतिवेदन

१. हामीले यसै साथ संलग्न ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको यसै साथ संलग्न आषाढ ३१, २०७० को वासलात र सोही मितिमा समाप्त अवधिको नगद प्रवाह विवरणको लेखा परिक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरणहरुको उत्तरदायित्व कम्पनीको व्यस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ति वित्तिय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. हामिले नेपाल लेखापरीक्षण मान तथा लेखा परीक्षणको सर्वमान्य सिद्दान्तको आधारमा लेखापरिक्षण सम्पन्न गरेका छौं । वित्तिय विवरण सारभुत रुपमा गलत आँकडारहित छ भन्नेकुरामा विश्वस्त हुनका लागी ती लेखापरिक्षणमान अनुसार योजना तयार गरी तद्अनुसार लेखापरिक्षण सम्पन्न गर्नुपर्दछ । वित्तिय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरिक्षणमा समावेश हुन्छ । कम्पनीले अवलम्ब गरेका लेखा सिद्दान्त, व्यवस्थापनले गरेका महत्वपुर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतीको समग्र स्थीतिको मुल्याकंन पनि लेखापरिक्षणमा समावेश हुन्छ । लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. यस लेखापरीक्षणको उद्दे्श्य ग्रीन डेभलपमेन्ट बैंक लिमिटेडको वासलात मितिको कम्पनीको समग्र वित्तिय स्थीती तथा उपरोक्त मितिसम्म कम्पनी संस्थापनासँग सम्बन्धित खर्च तथा आम्दानीहरको लेखापरीक्षण गर्नु रहेको छ । लेखापरीक्षण कार्य कम्पनीको रजिष्टर्ड कार्यालयमा राखिएको हिसाब किताब, बैंक स्टेटमेन्ट तथा अन्य सम्बन्धीत कागजात तथा रजिष्टर्ड कार्यालयको स्थलगत निरिक्षणको आधारमा सम्पन्न गरीएको छ ।

४. उपरोक्त लेखापरिक्षणको आधारमा बमोजिमको प्रतिवेदन पेश गरेका छौं:

क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सूचना एवं स्पष्टीकरणको साथै माग गरेका विवरणहरु यथाशिघ्र तथा सन्तोषजनक रुपमा प्राप्त गर्‍यौ ।

ख) हाम्रो रायमा कम्पनीको हिसाव किताव तथा श्रेस्ता प्रचलित कानून बमोजिम समुचित रुपले राखिएको छ ।

ग) प्रस्तुत वासलात, नगद प्रवाह विवरण र पूर्व संचालन खर्चको विवरण प्रचलित कानून अनुरुप तयार भएका छन् र उक्त विवरणहरु कम्पनीले राखेको लेखासंग दुरुस्त रहेका छन् ।

घ) हाम्रो रायमा तथा हामीलाई दिईएको जानकारीहरु एवं संलग्न लेखा सम्बन्धि टिप्पणीहरुको आधारमा वासलातले २०७० आषाढ ३१ गतेको बैंकको सम्पत्ति तथा दायित्वको स्थिति तथा नगद प्रवाह विवरण एवं पूर्व संचालन खर्च विवरणले उक्त मिति सम्मको नगद प्रवाह तथा पूर्व संचालन खर्च रकमको यथार्थ चित्रण गर्दछ ।

NBSM & Associates ★ Chartered Accountants ★ Kathmandu Nepal

सि.ए. अनिल बहादुर सारु मगर
पार्टनर

मिति: कार्तिक २१, २०७०
स्थान: काठमाण्डौं

एन बि एस एम एण्ड एशोशियट्स
चार्टड एकाउण्टेण्ट्स

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

# ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड

## बागलुङ नगर पालिका २, बागलुङ

## वासलात

२०७० साल आषाढ मसान्तको

| पूँजी तथा दायित्व | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. शेयर पूँजी | १ | 55,000,000.00 | - |
| २. जगेडा तथा कोषहरु | | - | - |
| ३. ऋणपत्र तथा बन्ड | | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | | - | - |
| ५. निक्षेप दायित्व | | - | - |
| ६. भुक्तानी दिनुपर्ने विलहरु | | - | - |
| ७. प्रस्तावित लाभांश | | - | - |
| ८. आयकर दायित्व | | - | - |
| ९. अन्य दायित्व | २ | 1,337,395.46 | - |
| **कूल पूँजी तथा दायित्व** | | **56,337,395.46** | **-** |

| सम्पत्ति | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. नगद मौज्दात | ३ | 439.02 | - |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ४ | 23,801,034.50 | - |
| ३. बैंक/वित्तिय संस्थामा रहेको मौज्दात | ५ | 25,132,683.34 | - |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | ६ | - | - |
| ५. लगानी | | - | - |
| ६. कर्जा सापट तथा विल खरिद | | - | - |
| ७. स्थिर सम्पति | ७ | 1,589,284.02 | - |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | | - | - |
| ९. अन्य सम्पति | ८ | 5,813,954.58 | - |
| **कुल सम्पत्ति** | | **56,337,395.46** | **-** |

१ देखि ८ सम्मका अनुसूचीहरु वासलातका अभिन्न अङ्ग हुन् ।

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

गणेश कुमार श्रेष्ठ
अध्यक्ष

कृष्ण शंकर श्रेष्ठ
सञ्चालक

शिव प्रसाद तिमिल्सिना
सञ्चालक

सिए. निल बहादुर सारु मगर
पार्टनर

नरेन्द्र रमण त्रिपाठी
सञ्चालक

मनोविज्ञान श्रेष्ठ
सञ्चालक

एन.बि.एस.एम. एण्ड एशोशिएट्स
चार्टड एकाउन्टेन्ट्स

मितिः कार्तिक २१, २०७०

प्रकाश कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

बिमल श्रेष्ठ
सञ्चालन प्रमुख

स्थानः काठमाडौं

ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड
GREEN DEVELOPMENT BANK LTD
PARTNERING FOR PROSPERITY

# नगद प्रवाह विवरण

२०७० साल आषाढ मसान्तसम्मको

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | (4,476,559.12) | - |
| **१. नगद प्राप्ति** | - | - |
| १.१ व्याज आम्दानी | - | - |
| १.२ कमिशन तथा डिस्काउन्ट आम्दानी | - | - |
| १.३ विदेशी विनिमय कारोवारबाट आम्दानी | - | - |
| १.४ अपलेखित कर्जाको असुली | - | - |
| १.५ अन्य आम्दानी | - | - |
| **२. नगद भुक्तानी** | 595,607.31 | - |
| २.१ व्याज खर्च | - | - |
| २.२ कर्मचारी खर्च | - | - |
| २.३ कार्यालय सञ्चालन खर्च | - | - |
| २.४ आयकर भुक्तानी | - | - |
| २.५ अन्य खर्च | 595,607.31 | - |
| **कार्यगत पूँजी (Working Capital) गतिविधि अघिको नगद प्रवाह** | (595,607.31) | - |
| **सञ्चालन सम्बन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि)** | (5,218,347.27) | - |
| १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | - | - |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | - | - |
| ३. कर्जा तथा विल्स खरिदमा कमी/(वृद्धि) | - | - |
| ४. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (5,218,347.27) | - |
| **सञ्चालन सम्बन्धी चालु दायित्वमा (कमी)/वृद्धि** | 1,337,395.46 | - |
